नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

# सूचना तथा प्रसारण विभाग

## पत्रकार वृत्तिकोषको मुद्दती खाता सञ्चालनका लागि सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**दोस्रो पटक सूचना प्रकाशित मिति २०८१/०६/०७**

पत्रकार वृत्तिकोष स्थापना तथा सञ्चालन निर्देशिका, २०७५ बमोजिम हालसम्म अक्षयकोषमा जम्मा रकम मुद्दती खाता खोली कोष सञ्चालन गर्ने प्रयोजनार्थ यो सूचना प्रकाशन गरिएको छ। तपसिलको शर्तहरुको अधिनमा रही मुद्दती खाता खोल्न इच्छुक नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजत प्राप्त वाणिज्य बैंकहरुले यस विभागमा रु. १०००/- (फिर्ता नहुने गरी) तिरी दरभाउपत्र फाराम खरिद गर्न सकिने छ।

**तपसिल**

| क्र.सं. | अक्षयकोष | अवधि |
|---|---|---|
| १ | रु. ८,१०,००,०००/- (अक्षेरुपी आठ करोड दश लाख मात्र) | ३ वर्ष |

१. दरभाउपत्र खरिद गर्दा कम्पनीको अद्यावधिक इजाजतपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बरको प्रमाणपत्र र आ.व. २०७९/०८० को कर चुक्ता प्रमाणपत्रहरु र "क" वर्गको इजाजत पत्र संलग्न गर्नुपर्ने छ।

२. दरभाउपत्र सूचना प्रकाशन भएको ७औं दिनसम्म कार्यालय समयभित्र दरभाउपत्र खरिद गरी ८औं दिन दिनको १२:०० बजेभित्र विभागमा दर्ता गरिसक्नुपर्ने छ।

३. दर्ता हुन आएका दरभाउपत्रहरु ८औं दिन २:०० बजे खोलिने छ। दरभाउपत्र दर्ता गर्ने एवं खोल्ने अन्तिम दिनमा सार्वजनिक बिदा परेमा उक्त कार्यहरु बिदाको लगत्तै कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

४. दरभाउपत्र दर्ताका लागि रु. २०,२५,०००/- (अक्षेरुपी बीस लाख पच्चीस हजार मात्र) रकम को.ले.नि.का. काठमाडौंको नाममा नेपाल राष्ट्र बैंक बालुवाटारमा रहेको धरौटीखाता नं. १२०१२००००१००२५२४ मा जम्मा गरेको सक्कलै भौचर वा यस विभागको नाममा 'क' वर्गको वाणिज्य बैंकले जारी गरेको न्यूनतम ९० दिन म्याद रहेको बैंक ग्यारेन्टी संलग्न राख्नु पर्नेछ।

५. विस्तृत जानकारीका लागि विभागमा सम्पर्क गर्न सकिने छ।

Scanned with CamScanner